नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 8 Monthly International Edition of Herald of His Coming August 2021

वर्ष २२, अङ्क ८ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (भदौ, २०७८)

शान्त होओ र म परमेश्वर हुँ भनी जान

Be Still and Know That I am God

By Thomas Reade

सुरुमा सृष्टि गर्दा अन्धकारको बिचमा परमेश्वरले भन्नुभयो, "उज्यालो होस्, तब उज्यालो भयो ।" (उत्पत्ति १ : ३) जब येशू ख्रीष्ट मानव शरीरमा यस संसारमा हुनुहुन्थ्यो उहाँले आँधीलाई शान्त पार्नुभयो र त्यहाँ शान्त भयो । (मर्कूस ६ : २९) उहाँको यो आश्चर्य काम देखेर मानिसहरू चकित बने र उनीहरूले भने यी कस्ता मानिस हुन् ? प्रकृतिले पनि यिनले भनेको मान्छ । तर येशूले भन्नुभयो, "शान्त होओ र म परमेश्वर हुँ भनी जान ।" (भजनसङ्ग्रह ४६ : १०) उहाँले उनीहरूको आत्मालाई शान्त पार्नुभयो ।

परमेश्वरले मानिसको उत्तेजित भएको आत्मालाई शान्त पार्न सक्नुहुन्छ । "तर यदि उहाँ चूप लाग्नुभयो भने कसले उहाँलाई दोष दिन सक्छ ? यदि उहाँले आफ्नो अनुहार लुकाउनु भयो भने कसले उहाँलाई देख्न सक्छ ? तापनि उहाँ मानिस र राष्ट्र दुवैमाथि हुनुहुन्छ ।" (अय्यूब ३४ : २९)

जब हामी हाम्रो सामु सधैँ परिवर्तन हुने दृश्यलाई विचार गर्छौं र बुझ्दछौँ यस संसारका प्राकृतिक संरचनाहरूलाई देख्दा हामी यो घोषणा गर्नलाई बाध्य हुन्छौँ कि कहिलेकाहीँ परमेश्वर हुनुहुन्छ । हावा र समुद्रजस्तै राजनीतिक संसार, जो हाम्रो वरिपरि छ जुन चाहिँ सधैँ गतिशील छ यो गतिशील संसार परमेश्वरमा अडेको छ । यो ख्रीष्टियन संसारले बसै मानव जातिहरूको आध्यात्मिक र नैतिक गिरावटको लागि जागृति ल्याएको छ । र, साँचो प्रकाशको लागि पवित्र सत्यहरूलाई फैलाउनको लागि परिश्रम गरिरहेको छ । येशू ख्रीष्ट जसले हामी सम्पूर्ण पापीहरू पतन हुनबाट उठाउन सक्नुहुन्छ । यो सुसमाचार ठिक सामाजिक मानिसहरूको निम्ति र अन्धकारको शक्तिहरूको बिचमा फैलाएर जागृतिको काम गरेका छन् । त्यसैले यस वर्तमान घटनात्मक अवधिमा प्रकाश र अन्धकारबिच एक स्पष्ट सङ्घर्ष छ जुन सङ्घर्ष हिंसात्मक पनि हुन सक्छ, तर विश्वासीले स्वर्गबाट उत्साहजनक आवाज सुन्न सक्छन् जुन आवाजले विश्वासीहरूको बढ्दो डरलाई भगाउन सक्छ । त्यो आवाज यो हो कि, "शान्त होओ र म परमेश्वर हुँ भनी जान ।"

हे मेरो आत्मा, आनन्दित होओ किनकि परमप्रभु परमेश्वरले राज्य गर्नुहुन्छ । उहाँले मनको आँधीलाई शान्त पार्नुहुन्छ । उहाँले हाम्रो भित्री हृदयमा जीवनको किरण खन्याउनु हुन्छ र हामीभित्र शान्तिको शासन गर्नुहुन्छ । त्यसैले सधैँ परमप्रभुमा भरोशा राख्नुहोस् र जान्नुहोस् कि उहाँ शान्त हुनुहुन्छ ।

धर्मी इसाईको हृदयमा केही सुखद् कुरा हुन्छ जुन कुरा अरू संसारका मानिसहरूभन्दा फरक हुन्छ जसले संसारका शासकहरूमाथि शासन गर्न सक्छ । जसको हात राष्ट्रहरूमाथि बलियो हुन्छ । जो परिवारहरूको निम्ति मार्गदर्शक हुन्छ । उसको सधैँ येशू ख्रीष्ट बुबा र साथी बन्नुभएको हुन्छ । जति धेरै हामी परमेश्वरको बारेमा जान्दछौँ, उहाँको शक्ति, बुद्धि, प्रेम, वफादारी र सत्यको बारेमा त्यति नै विनम्र हुन्छौँ र आराधना, आत्मा विश्वास र मायामा

उहाँको सिंहासनको अगाडि उभिन सक्छौँ ।

ईश्वरीय सार्वभौमसत्ता

हे मेरो परमेश्वर हरेक दान र वरदान तपाईंमाथि भरोसा गर्नेहरूलाई तपाईंबाट आउँछ । तपाईंमा कुनै पनि कुरा परिवर्तन हुँदैन । तपाईं बदलिरहने छायाजस्तो हुनुहुन्छ । (याकूब १ : १७) पावलले कोरिन्थीको पुस्तकमा यसरी भन्दछन् कि, "किनकि परमेश्वरको सबै प्रतिज्ञाहरू उहाँमा 'हो' हुन्छ । यसैकारण उहाँद्वारा परमेश्वरका महिमाको निम्ति हामी 'आमिन्' भन्छौँ ।" (२ कोरिन्थी १ : २०) त्यसै गरी पुरानो करारमा व्यवस्थाको पुस्तकमा पनि यसरी लेखिएको छ । "उहाँ नै चट्टान हुनुहुन्छ । उहाँका काम सिद्ध छन् र उहाँको सबै चाल न्यायोचित छन् । एउटा विश्वासयोग्य परमेश्वर जसले भूल गर्नुहुन्छ, न्यायी र सत्य उहाँ हुनुहुन्छ ।" (व्यवस्था ३२ : ४) पत्रुसको पुस्तकमा पनि लेखकले यसरी लेख्दछन्, "तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ ।" (१ पत्रुस ५ : ७) यस्तै धेरै प्रयास र घटनाअन्तर्गत शान्त रहनलाई परमेश्वरले भन्नुहुन्छ । उहाँमा शान्त रहो र उहाँ को हुनुहुन्छ भनी जान ।

जीवन परिवर्तनका लागि दिएका सबै कुराहरूले प्रतिबिम्बित गर्दछ उहाँ सर्वशक्तिमान हुनुहुन्छ र उहाँले यो घोषणा गर्नुभएको छ, "आदिदेखि अनन्तसम्मको प्राचीन समयदेखि र हुनआउने समयसम्मको जानकारी म दिन्छु । म भन्छु मेरो अभिप्राय: ठहर्नेछ र मैले चाहेको सबै पूरा गर्नेछु ।" (यशैया ४६ : १०) मलाकीको पुस्तकमा पनि यसरी लेखिएको छ, "म परमप्रभु कहिल्यै परिवर्तित हुँदिन । यसैले हे याकूबको सन्तान हो, तिमीहरू नष्ट भएका छैनौँ ।" (मलाकी ३ : ६) परमेश्वरको मुख्य उद्देश्यहरूको निरन्तरता र सिधा आफ्नो परिपूर्तिको लागि अगाडि बढिरहेको छ । धेरै चिजहरू टाढासम्म नराखीकन उहाँको अनुसार विभिन्न प्रकारले निर्माण गरिएका परमेश्वरविरुद्धका कार्यहरूलाई विफल गर्नको लागि अगाडि देखापरेका विभिन्न सताउने आत्माहरूलाई जोसिलो बनाउनको लागि परमेश्वरले शक्ति दिनुहुन्छ । शमूएलको पुस्तकमा दाऊदले यसरी भन्दछन्, "तब दाऊदले गादलाई भने न त सारै सङ्कटमा परेको छु । हामीलाई परमप्रभुको हातमा पर्नु नै बेस होला, किनभने उहाँको करुणा महान् छ तर मलाई मानिसहरूको हातमा पर्नु नपरोस् ।" (२ शमूएल २४ : १४) हामी कहिल्यै पनि परमेश्वरको हात हामी माथि हुनेदेखि टाढा हुन हुँदैन । सधैँ उहाँको आशिषको आशा गर्नुपर्छ ।

"जातजातिहरूको बिचमा भन् । परमप्रभु राज्य गर्नुहुन्छ । संसार स्थिर रूपले स्थापित भएको छ त्यसलाई हल्लाउन सकिँदैन । उहाँले मानिसहरूको न्याय निष्पक्षसाथ गर्नुहुन्छ ।" (भजनसङ्ग्रह ९६ : १०) त्यस्तै प्रकाशको पुस्तकमा पनि यसरी लेखिएको छ, "त्यसपछि एउटा ठूलो भीडको स्वरजस्तो मैले सुनेँ उर्लंदो पानीहरको आवाज र धेरै शक्तिशाली मेघ गर्जनको आवाजजस्तो मैले सुनेँ जसले यसो भनिरहेको थियो, हल्लेलुयाह ! किनकि परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमानले राज्य गर्नुहुन्छ ।" (प्रकाश १९ : ६)

परमेश्वरको पूर्वज्ञान र अनुमति बिना केही पनि हुन सक्दैन । सर्वशक्तिमान् परमेश्वर सुरुमा हुनुहुन्थ्यो र अन्त्यसम्म पनि उहाँ हुनुहुन्छ । उहाँका सम्पूर्ण कार्यहरूबाट र विभिन्न घटनाहरूबाट यो देख्न सक्दछौँ, उहाँले दृढतापूर्वक मलाई न्याय र दयाको आफ्नो योजनाहरू राख्नुभएको छ । सबैथोकले उहाँको शक्तिको घोषणा गर्दछन् । "परमप्रभुले सबै कुरा उहाँको आफ्नै उद्देश्यका लागि बनाउनु हुन्छ, दुष्टलाई समेत विनाशको दिनको लागि उहाँले राख्नुभएको छ ।" (हितोपदेश १६ : ४)

उहाँका उद्देश्यहरूमा कसैले पनि तलमाथि बनाउन सक्दैनन् अथवा उहाँका योजनाहरूलाई कसैले पनि बिगार्न सक्दैन । कसैले पनि परमेश्वरले बनाउनुभएको मानिसको भविष्यलाई अलग गर्न सक्दैन । जसको निरन्तरताले गाडीको पाङ्ग्राहरू घुमेजस्तै मानिसको जीवनमा आउने उतारचढावहरू घुमिरहन्छन् । परमेश्वरको अनन्त उद्देश्यसम्मान कोही पनि पुग्न सक्दैन । त्यसैले उहाँको महिमा प्राप्त गर्न माथिबाटको ज्ञान बुद्धिको आवश्यकता पर्दछ । परमेश्वरको वचनले यही कुरा भन्दछ कि "म अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त्य हुँ ।" (प्रकाश २२ : १३) बादल र अन्धकार अनन्तको सिंहासनको वरिपरि हुन सक्छ तर उहाँको विश्वासको उज्यालो पर्दाले त्यो अन्धकारलाई छेक्न सक्छ र बाहिर देखिन सक्छ । त्यस ठाउँमा परमेश्वरको महिमा भएको हँ परमेश्वर भन्नुहुन्छ ।

विश्वासको धन्यवाद

परमेश्रको राज्यको निम्ति उहाँको धार्मिकताका निम्ति बोलाइ एकाएकको लागि परमेश्वरसँग प्रेम गर्नेहरू उहाँको उद्देश्यअनुसार बोलाइएका हुन्छन् र सबै मिलेर उहाँको कार्यलाई पूरा गर्नु पर्छ । बाइबलमा यसरी लेखिएको छ, "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँको अभिप्राय अनुसार बोलाइएकाहरूको निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ ।" (रोमी ८ : २८) शैतान क्रोधित हुन सक्छ, संसार मूर्ख हुन सक्छ । शरीरको विरुद्धमा खडा हुन सक्छ तर विनम्र व्यक्तिहरूले उहाँको आत्माद्वारा सुरक्षित हुन सक्छन् । "किनभने तिमीहरू मरेका छौ र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइको छ ।" (कलस्सी २ : ३) "किनकि यस डेरामा हुँदा चिन्ताले हामी सुस्केरा हाल्छौं । हामी नाङ्गा होऔं भनेर होइन तर अझ धेरै वस्त्रधारण गरौं भनेर हो ताकि जो मरणशील छ त्यो जीवनमा समावेश होओ ।" (२ कोरिन्थी ५ : ४) उनीहरू बोझले दिक्क हुन सक्छन् तैपनि उनीहरू रमाउन सक्छन् । उहाँले समयको पर्दाबाट हेर्नुहुन्छ जो अनन्तताको महिमामा झुन्डिएको छ र चाँडै पर्दाभित्र प्रवेश गर्दाको आनन्दित आशा उहाँको राज्यमा रहेको छ । संसार विभिन्न किसिममा बौद्धिक खोजहरूबाट चलिरहेको हुन्छ र उनीहरू त्यसमा खुसी हुन्छन् तर त्यो क्षणिक खुसी हो । तर परमेश्वरलाई खोज्नेहरू स्वर्गीय सुखको सम्मानमा मुक्तिदातासँग सधैं आनन्दित र रमाइरहेका हुन्छन् । ख्रीष्ट येशू उहाँलाई नचिन्नेहरूको निम्ति अपरिचित व्यक्ति हुनुहुन्छ तर जसले उहाँलाई चिन्दछ उनीहरूको निम्ति एक उज्यालो ज्योति हुनुहुन्छ ।

ख्रीष्टलाई, विश्वास नगर्नेहरूले संसारलाई मन पराउँछन् अथवा स्वर्गलाई नरक बनाउन रुचाउँछन् । उनीहरूको भित्री हृदयमा परमेश्वरको वचनको विश्वास हुँदैन । तर म यो कुरा भन्दछु कि नरकको कुनै अस्तित्व छैन । त्यहाँ मृत्युको अनन्त निद्रा हुन्छ । यदि उनीहरूले परमेश्वरमा उन्नति गर्न चाहन्छन् भने संसारको चाप्लुसी होइन तर उदार चित्तसँग दिनुहुने दयालु परमेश्वरको सेवा गर्नु पर्छ । उहाँको वचनले हामीलाई यही घोषणा गर्दछ । यसकारण हामी सत्यलाई सबैभन्दा डरलाग्दो परीक्षणमा राख्नुपर्छ र आफ्नो विश्वासलाई जबर्जस्त बलियो बनाउनु पर्छ । जहाँबाट हामीले हाम्रो अनुभव सँगाल्न सकिन्छ र मृत्युदेखि पार हुन सकिन्छ ।

जो मानिस बालकजस्तो विचार राख्छ उसले सधैं भरी परमेश्वरको वचन प्राप्त गर्न सक्छ र त्यसमा सधैं लागिरहन सक्छ र उसले सबै कार्यमा परमेश्वरलाई देखेको हुन्छ । उसको जीवनमा सत्य र सान्त्वनाले भरिएको प्रतिज्ञा पाउँछ र त्यो व्यक्ति एक चट्टानजस्तै ख्रीष्टमा सुरक्षित भएको हुन्छ र आराम गर्दछ । उसले जान्दछ कि, गौरवाशली परमेश्वर हामीलाई आशिष दिनको लागि हतयारमा हुनुहुन्छ, त्यसैले म हतोत्साही हुने छैन । यद्यपि उनीहरूको जीवनमा ठूलो आधिबेहरी र सङ्कटहरू आइपरे तापनि सर्वशक्तिमान् पिताको आवाजलाई सुनिरहेका हुन्छन् । र, दयालु स्वरमा आफ्नो डरलाई शान्त पार्नको लागि पितालाई पुकारिरहेका हुन्छन् । त्यसैले शान्त रह र जान कि म नै परमप्रभु परमेश्वर हुन्छ ।

पूरा भरोसा

"परमेश्वर हाम्रो शरणस्थान र शक्ति हुनुहुन्छ, सङ्कटमा सधैं हाजिर रहने सहायता" (भजनसङ्ग्रह ४६ : १) संसारको समस्यामा निरास नहुनुहोस् । साम्राज्यहरूको आक्रोशमा नडराउनुहोस् । केवल परमेश्वरको डर मान्नुहोस् र उहाँको प्रतिज्ञामा विश्वास गर्नुहोस् । केबल उहाँको सेवा गर्नुहोस् । जति पनि कार्य हुन्छ परमेश्वरको सेवाको निम्ति हुनेछन् । उहाँको महिमाको लागि लागिरहनु होस् ।

मानिसको जीवन छोटो छ । अनन्तको जीवनको लागि सधैं परमेश्वरसँग आफ्ना सारा फिक्रीहरू पन्छ्याई दिनुपर्छ । र, उहाँको वचनअनुसार हाम्रो जीवन उहाँमा सुम्पिनु पर्छ कारण उहाँको सुरक्षा बालकले जस्तै सधैं धारण गर्नुपर्छ । अनि मात्रै हामी परमेश्वरको महिमाको निम्ति सधैं लागिरहन सक्छौं र उहाँको अनुग्रहलाई महसुस गरिरहन सक्छौं । उहाँ आफ्नो महिमाको निम्ति पूर्णतामा हाम्रा सबै दुष्टहरूलाई हटाई स्वर्गको बाटोमा हिँडाउन तयार हुनुहुन्छ । त्यसैले शान्त होओ र म परमेश्वर हुँ भनी जान ।

नियमित बाइबल पढ्ने बानी बसालौं

बाइबल अध्ययन

विश्वास सम्बन्धमा

- **सुसमाचारमा विश्वास गर:** "उहाँले भन्नुभयो, समय पूरा भएको छ र परमेश्वरको राज्य नजिक आइपुेको छ । पश्चाताप गर, र समाचारमा विश्वास गर ।" (मर्कूस १ : १५)
- **पिता र पुत्रमा विश्वास गर :** "तिमीहरूको हृदय व्याकुल नहोस् । तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौँ, ममाथि पनि विश्वास गर ।" (यूहन्ना १४ : १)
- **मलाई पठाउनेलाई विश्वास गर :** "तिमीहरूले उहाँलाई भने, परमेश्वरले चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्छ ? येशूले तिमीहरूलाई भन्नुभयो, परमेश्वरको काम यही हो : जसलाई पठाउनु भयो उसमाथि विश्वास गर ।" (यूहन्ना ६ : २८ - २९)
- **पिता ममा र म पितामा छौँ । भनेर विश्वास गर:** "मलाई विश्वास गर, कि म पितामा छु र पिता ममा हुनुहुन्छ । नत्र भने यी कामहरूकै खातिर विश्वास गर ।" (यूहन्ना १४ : ११)
- **मैले गरेको काममा विश्वास गर :** "यदि मैले मेरा पिताका काम गरेको छैन भने ममाथि विश्वास नगर । तर यदि म पिताका काम गर्दछु र पनि तिमीहरू ममाथि विश्वास गर्दैनौँ भने यी कामहरूमाथि विश्वास गर र तिमीहरले थाहा पाउन सक्नेछौ र बुझ्नेछौ कि पिता ममा हुनुहुन्छ र म पितामा छु ।" (यूहन्ना १० : ३७ - ३८)
- **मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर:** "यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौ भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ ।" (मर्कूस ११ : २४)

नयाँ जन्मको सम्बन्धमा

- **नयाँ गरी जन्मनै पर्छ :** "मैले तिमीलाई नयाँ गरी जन्मनु पर्छ भन्दा अचम्म नमान ।" (यूहन्ना ३ : ७)
- **तिमीभित्र भएकोलाई सफा गर :** "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, पाखण्डीहरू : किनभने तिमीहरू कचौरा र थालको बाहिरपट्टि माझ्दछौ तर भित्रपट्टि भने ती लोभ र असंयमले भरिएका हुन्छन् । अन्धा फरिसी हो, पहिले कचौरा र थालको भित्रपट्टि सफा पार, र तिनको बाहिरपट्टि पनि सफा होस् ।" (मत्ती २३ : २५ - २६)
- **रुख राम्रो बनाऊ अनि फल राम्रो हुन्छ :** "कि रुखलाई असल बनाओ र त्यसको फल असल हुनेछ । कि रुखलाई खराब बनाओ र त्यसको फल पनि खराब हुनेछ । किनभने फलबाट नै रुख चिनिन्छ ।" (मत्ती १२ : ३३)
- **ममा रहो र म तिमीहरूमा :** "ममा रहो र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैँले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरू पनि सक्दैनौँ ।" (यूहन्ना १५ : ४)
- **नुनजस्तै बन :** "नुन असल हो तर नुनको स्वाद गयो भने त्यो केले स्वादिलो तुल्याउने ? तिमीहरू आफू-आफूमा नुन राख र आपसमा शान्तिमा रहो ।" (मर्कूस ९ : ५०)
- **अनन्त जीवनको निम्ति दुःख गर :** "नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रहने योजनाको निम्ति परिश्रम गर, हो मानिसको पुत्रले तिमीहरूलाई दिनेछ । किनभने परमेश्वर पिताले उसमाथि आफ्नो छाप लगाउनु भएको छ ।" (यूहन्ना ६ : २७)
- **आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ :** "तापनि दृष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ ।" (लूका १० : २०)

पवित्र आत्मा पाउने सम्बन्धमा

- **पवित्र आत्मा लेओ :** "अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुसेर भन्नुभयो, पवित्र आत्मा लेओ ।" (यूहन्ना २० : २२)
- **पहिला बालबालिकाहरूले थाहा पाउन् :** "उहाँले त्यसलाई यसो भन्नुभयो, पहिले छोराछोरीलाई खान देऊ, किनकि छोराछोरीहरूका रोटी लिएर कुकुरहरूलाई फालिदिनु उचित होइन ।" (मर्कूस ७ : २७)
- **तिर्खाउने आओस् र पिओस् :** "अब चाडको पछिल्लो दिन अर्थात् चाडको प्रमुख दिनमा उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसमो

अन्तस्करणबाट जिउँदो पानीको खोलाहरू बगिनिस्कनेछन् ।" (यूहन्ना ७ : ३७ - ३८)

- **मेरो आज्ञा पालन गर र पिताले आशिष दिनुहुन्छ** : "तिमीहरूले मलाई प्रेम गर्छौं भने मेरा आज्ञाहरू पालन गर्नेछौ, र म पितासँग बिन्ति गर्नेछु र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ । यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न ता देख्छ न चिन्छ । तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ र उहाँ तिमीहरूमा रहनुहुनेछ ।" (यूहन्ना १४ : १५ - १७)
- **आनन्दले माग्न पाउनेछौ**: "अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ । माग, अनि तिमीहरूले पाउनेछौ, यसरी तिमीहरूको आनन्दपूर्ण होओस् ।" (यूहन्ना १६ : २४) "अनि उहाँले तिनीहरूलाई भन्नुभयो, मानिलेओ तिमीहरूमध्ये कसैको एकजना मित्र छ । तिनी मध्यरातमा उनीकहाँ गएर भन्दछ, मित्र, मलाई तीनओटा रोटी पैँचो देऊ । किनकि मेरा एक साथी यात्राबाट मकहाँ आएका छन्, र तिनलाई खान दिन मसँग केही छैन । उनले भित्रबाट जवाफ दिएर भन्छन्, मलाई नझिज्याऊ । ढोका अब बन्द भइसकेको छ र मेरा केटाकेटीरु मसँग ओछ्यानमा छन् । म उठेर तपाईंलाई केही दिन सक्दिन । म तिमीहरूलाई भन्दछु : मित्रताको नाताले उनले उठेर तिनीलाई केही नदेलान् तर तिनले र खुरघार मागिरहेकाले उठेर उनले खाँचो परे जति तिनलाई दिनेछन् । म तिमीहरूलाई भन्दछु, माग त तिमीहरूलाई दिइनेछ । खोज त तिमीहरूले भेट्टाउनेछौ । ढक्कढकाओ, त तिमीहरूको निम्ति खोलिने छ । किनकि हरेक जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्न, त्यसले भेट्टाउँछ र जसले ढकढक्काउँछ, त्यसको निम्ति खोलिनेछ । तिमीहरूमध्ये कुनचाहिँ बाबु होला जसको छोराले रोटी माग्दा त्यसले ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला ? अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला ? तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ ?" (लूका ११ : ५ - १३)
- **सल्लाहकारको गवाही दिनुहुन्छ**: "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिनीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ ।" (यूहन्ना १५ : २६)

येशूको पछि लाग्ने सम्बन्धमा

- **मलाई पच्छ्याऊ**: "कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ । कसैले सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ ।" (यूहन्ना १२ : २६)
- **बप्तिस्मा लेऊ** : "तब येशू गालिलबाट यूहन्नाकहाँ तिनीद्वारा बप्तिस्मा लिन यर्दनमा आउनुभयो ।" (मत्ती ३ : १३) "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ ।" (मत्ती २८ : १९)
- **मेरो सम्झनामा खाने गर** : "तब कचौरा लिएर धन्यवाद चढाउनु भएपछि उहाँले भन्नुभयो, यो लेओ र तिमीहरू आपसमा बाँड । किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य नआउन्जेल अब उप्रान्त अङ्गुरको रस म पिउने छैन । अनि उहाले रोटी लिनुभयो र धन्यवाद चढाउनु भएपछि त्यो भाँच्नुभयो र तिनीरुलाई यसो भन्दै दिनुभयो, तिमीहरूको निम्ति दिइएको यो मेरो शरीर हो । मेरो सम्झनामा यो गर्ने गर ।" (लूका २२ : १७ - १९)
- **एक अर्काको खुट्टा धोऊ** : "यदि तिनीहरूका प्रभु र गुरु भईकन मैले तिमीहरूका गोडा धोएको छु भने तिमीहरूले पनि एक अर्काका गोडा धुनुपर्छ, किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु र जसो मैले तिमीहरूका निम्ति गरेँ, तिमीहरू पनि त्यसै गर ।" (यूहन्ना १३ : १४ - १५)
- **कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफैँ बोकोस्** : "तब उहाँले सबैलाई भन्नुभयो, कोही मपछि

आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोसु र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस् ।" (लूका ९ : २३)

- **मबाट सिक** : "मेरो जुवा आफूमाथि लेओ र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ ।" (मत्ती ११ : २९)
- **मेरो प्रेममा रहो** : "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु । तिमीहरू मेरो प्रेमा रहो । (यूहन्ना १५ : ९)

प्रार्थना सम्बन्धमा

- **सधैँ प्रार्थना गर** : "तर आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खडा हुन समर्थ हुनलाई सबै ससमक्ष प्रार्थना गर्दै जागा रहो ।" (लूका २१ : ३६)
- **परीक्षामा नपर्न प्रार्थना गर** : "त्यस ठाउँमा पुगेपछि उहाँले तिनीहरूलाई भन्नुभयो, तिमीहरू प्रार्थना गरिरहो र परीक्षामा नपर । उहाँ तिनीहरूबाट प्रायः तीस मिटर पर गएर घुँडा टेकी प्रार्थना गर्नुभयो, हे पिता तपाईंको इच्छा भए, यो कचौरा मबाट हटाइदिनुहोस् । तर मेरो इच्छा होइन, तपाईंकै इच्छा पूरा होस् । तब स्वर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे । अत्यन्त सङ्कटमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो र उहाँको पसिना रगतका ठूला-ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए । प्रार्थनाबाट उठेर चेलाहरूकहाँ आउनुहुँदा उहाँले तिनीहरूलाई शोकले गर्दा निदाइरहेका भेट्टाउनुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो, तिमीहरू किन निदाइरहेका छौ ? उठ र परीक्षामा नपर्नलाई प्रार्थना गर ।" (लूका २२ : ४० - ४६)
- **खेतालाको निम्ति प्रार्थना गर** : उहाँले तिनीहरूलाई भन्नुभयो फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन् ।" (लूका १० : २)
- **गाली गर्नेको निम्ति प्रार्थना गर** : "सराप्नेहरूलाई आशीर्वाद देओ, दुर्व्यवहार गर्नेहरूका निम्ति प्रार्थना गर ।" (लूका ६ : २८)
- **पिताले ख्रीष्टको नाउँमा प्रार्थना गर** : "अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ । माग, अनि तिमीहरूले पाउनेछौ । यसरी तिमीहरूको आनन्दपूर्ण होओस् । यी कुरा मैले तिमीहरूलाई दृष्टान्तमा भनेको छु । तर समय आइरहेछ, जब म तिमीहरूसँग फेरि दृष्टान्तमा बोल्नेछैन तर पिताको विषयमा तिमीहरूलाई स्पष्ट बताउनेछु । त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौ । म तिमीहरूका निम्ति पितासँग बिन्ति गरिदिनेछु भनी तिमीहरूले मेरो नाउँमा माग्नेछौ । म तिमीहरूका निम्ति पितासँग बिन्ती गरिदिनेछु भनी तिमीहरूलाई भन्दिन किनभने पिता आपैँले तिमीहरूलाई माया गर्नुहुन्छ किनकि तिमीहरूले मलाई माया गरेका छौ र म परमेश्वरको तर्फबाट आए भनी विश्वास गरेका छौ ।" (यूहन्ना १६ : २४ - २७)
- **प्रभुको प्रार्थना** : "तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर : हे हाम्रा पिता जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस् । तपाईंको राज्य जाओस् तपाईंको इच्छा स्वर्गमा जस्तो छ त्यस्तै यस पृथ्वीमा पूरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । हाम्रा अपराध क्षमा गर्नुहोस् जसरी हामीले आफ्ना अपराधीलाई क्षमा गरेका छौँ । हामीलाई परीषामा पर्न नदिनुहोस् तर दुष्टबाट छुटाउनुहोस् । किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन् । आमिन् । (मत्ती ६ : ९ - १३)
- **अन्य जातिले जस्तो प्रार्थना नगर** : "र प्रार्थना गर्दा अन्य जातिहरूजस्ता व्यर्थै नबरबराओ । किनभने धेरै शब्द बोल्दा तिनीहरूको सुनाइ हुन्छ भन्ने तिनीहरू विचार गर्दछन् । यसकारण तिनीहरू जस्ता नहोओ । किनभने तिनीहरूले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरूलाई कुन कुन कुराको खाँचो छ सो तिमीहरूका पिता जान्नुहुन्छ ।" (मत्ती ६ : ७ - ८)

हाम्रा छोराछोरीमाथि आशीर्वाद

Blessing upon our Children

By Charles H. Spurgeon
(1834-1892)

परमेश्वरले आफ्नाजनहरूको जीवनमा आशिष वर्षाउनु हुनेछ भन्ने लेख चार्ल्स स्पर्जनबाट धेरै सुनेका छौं । उहाँ त्यो समयको अति नै प्रसिद्ध लेखक हुनुहुन्थ्यो । उहाँका लेखहरू आज पनि त्यत्तिकै समय सान्दर्भिक छन् । उहाँको जीवनको लागि हामी परमेश्वरलाई धन्यवाद चढाउँछौं । "किनकि सुकेको जमिनमा पानी र सुख्खा भूमिमा खोलाहरू खन्याइदिने छु । म तेरा वंशमाथि मेरो आत्मा खन्याउने छु र तेरो सन्तानलाई आशिष दिनेछु ।" (यशैया ४४ : ३)

हाम्रा छोराछोरीहरूलाई परमेश्वरको आत्माको खाँचो छ । तिनीहरू पनि पापमै जन्मिएका हुन् र दोषी छन् । पापमै तिनीहरूको आमाले तिनीहरूलाई गर्भधारण गरेकी हुन् । तिनीहरूको हृदय पनि ढुङ्गाकै बनेको हुन्छ, त्यसमा परमेश्वरले येशूको हृदय राख्न चाहनुहुन्छ । त्यो कार्यको लागि तिनीहरूलाई पवित्र आत्मा चाहिन्छ । हामी सबै मृतक नै थियौं तर परमेश्वरको आत्माले तिनीहरूलाई जीवित पार्नु हुन्छ । हाम्रो आत्मालाई जीवित पार्ने पवित्र आत्मा भएकोले उहाँ हाम्रो जीवनमा सधैं बस्न चाहनुहुन्छ ।

यसरी हेर्दा हामी हरेक प्रतिज्ञामा जिउँछौं । जसलाई परमेश्वरको अनुग्रहबाट हामीले प्राप्त गर्न सक्छौं । उहाँले भन्नुहुन्छ, "तेरो वंशमाथि मेरो आत्मा खन्याउनेछु ।" थोरै-थोरै मात्रामा होइन तर तिनीहरूले प्रशस्त मात्रामा प्राप्त गर्नेछन् । तपाईं परमेश्वरको अनुग्रह प्राप्त गर्न योग्यको मानिस होइन होला तर उहाँको अनुग्रहको शक्तिमा मानिसले अचम्मका कामहरू गर्न सक्दछ । परमेश्वरले हामीलाई थोरै मात्रामा मात्र दिनुहुन्न उहाँको दयाको सागर, अनुग्रहकारी भएकाले हाम्रो वंशलाई नै उहाँले प्रशस्त गरिदिनुहुन्छ । हामी योग्य भएर यो कुरा प्राप्त गर्ने होइन, यो परमेश्वरको प्रतिज्ञा हो । "म तेरो वंशमाथि मेरो आत्मा खन्याउने छु ।"

मैले परमेश्वरले हामीलाई सम्पूर्ण आशिषले भर्नुहुन्छ भन्ने वाक्यांशलाई छोटो पारेर लेखहरू लेख्नु हुँदैन ।

"मैले मेरो आत्मा तेरो वंश माथि खन्याउने छु ।" ओ ! कस्तो महान् आशिषको कुरा तिम्रो वंशमाथि मेरो आत्मा खन्याउने छु भनी परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ । हे हाम्रा पिता ! हाम्रो वंशमा नै पवित्र आत्मा खन्याएको म देख्न चाहन्छु । प्रियहरू, हामीले हाम्रो वंशको राम्रो भएको इच्छा राख्नु पर्दछ । तिनीहरूले परमेश्वरको आत्माका फलहरू प्राप्त गरुन् भन्ने हाम्रो पनि चाहना हुनु पर्दछ । हामीले हाम्रो वंशलाई धनी भएको, धेरै पढेको देख्न चाहन्छौं त्यो राम्रो कुरा नै हो, त्यो भन्दा बढ्ता हामीहरूले तिनीहरूले मुक्ति पाप्त गर्न सकुन् वा तिनीहरू बाँच्न सकुन् भन्ने हाम्रो भित्री इच्छा हुनु एकदमै उत्तम कुरा हो । हामीले हाम्रो वंशलाई त्यस्तै आशिषले भर्नु पर्दछ ।

विचार गरौं त हामीले हाम्रा छोराछोरीलाई जीवन नै दिएका हुन्छौं । हाम्रो परिश्रम, खुसी, धनसम्पत्ति, आशा तिनीहरू नै हुन् तर उनीहरूलाई हामीले परमेश्वरकहाँ ल्याउन सकेनौं भने, हाम्रो परिश्रम व्यर्थै हुनेछ । हाम्रा छोराछोरीहरू परमेश्वरको मार्गमा हिँडे भने त्यो भन्दा ठुलो मूल्यहरू अरू केही पनि हुन सक्दैन ।

यदि तपाईंले मलाई सोध्नु भयो भने मेरा छोराछोरीले पवित्र आत्माले भरिएको दिनभन्दा अर्को महान् दिन मेरो जीवनमा अर्को केही पनि छैन । विश्वासी बाबाआमाको लागि योभन्दा ठूलो आनन्दको कुरा के हुन सक्दछ ?

प्रियहरू यो सानो लेख मेरो जीवनमा मैले पाएको अनुभव हो । परमेश्वरले हाम्रा छोराछोरीको जीवनमा आफ्नो प्रतिज्ञा पूरा गर्नुहोस् भनी हामी प्रार्थना गर्नु पर्दछ । यसरी नै अरू अरू बा-आमालाई पनि बाइबलको सत्यता सिकाउँदै जानु पर्दछ । संसारमा धेरैजनाले यो कुरा बुझेका छैननु ।

हाम्रो परिवार-छोराछोरीले परमेश्वरलाई चिनेनन् भने हाम्रो बाँच्नुको कुनै अर्थ हुँदैन भनी एकजना मानिसले भनेको कुरा मैले घरि-घरि सम्झन्छु । छोराछोरीका लागि सधैं प्रार्थना गर्नुहोस् र अभिषेक दिनुहोस् ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com